विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक





● मकवानपुर, वर्ष-१७, अंक-१९ ● २०८१ मंसिर १० गते सोमबार, ● 25 November, 2024, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगर चिल्लाङका खेलाडीहरुलाई ७ स्वर्ण



◆ विकास संवाददाता

मकवानपुर जिल्ला कराँते महासंघको आयोजनामा हेटौंडामा भएको जिल्ला स्तरीय कराँते च्याम्पियनसिप प्रतियोगितामा थाहा नगरपालिका चित्लाङ्का खेलाडिहरूले ७ स्वर्ण पदक सहित प्रतियोगितामा टिम च्याम्पियन हुँदै उपाधी उचालेको छ। थाहा नगरपालिका खेलकुद विकास समितिका संयोजक टिकाराम स्याङ्तानले दिएको जानकारी अनुसार थाहाका खेलाडिहरूले सात स्वर्ण,तीन रजत र एक कास्य पदक सहित जिल्ला प्रथम हुन सफल भएको हो ।

प्रतियोगितामा चित्लाङ्का खेलाडीहरू भुमिका बलामीले महिला काँता तर्फ स्वर्ण पदक हात पारिन भने पुरूष तर्फ इनेश बलामीले एक कास्य पदक प्राप्त गरे त्यसैगरी फाइट तर्फ भुमिका बलामीले कास्य,इनेश बलामी स्वर्ण,करूण गमाल स्वर्ण, अर्जुन गमाल स्वर्ण,सलिम गमाल स्वर्ण,राज ब्लोन स्वर्ण,निरज योन्जन स्वर्ण, प्राप्त गर्दा सुशील रूम्बा,सौरभ जिम्बा र संगिता मोक्तानले रजत पदक प्राप्त गरे ।

प्रतियोगितामा बिजयी खेलाडीहरूलाई प्रमुख अतिथी मिना कृष्ण महर्जनले पुरस्कार प्रदान गरेका थिए। जिल्ला कराँते महासंघको आयोजनामा भएको प्रतियोगितामा पेमा लामाको अध्यक्षता रहेको प्रतियोगिताको उत्कृष्ट खेलाडी थाहाकै करूण गमाल हुन सफल भएका थिए । प्रतियोगितामा बिजयी खेलाडी तथा प्रशिक्षक द्वय रोशन बलामी र सम्राट बलामीलाइ नगर खेलकुद विकास समिती संयोजक टिकाराम स्याङ्तानले बधाई तथा शुभकामना दिएका थिए ।


## हिउँदे फलफुल विरुवा माग सम्बन्धी सूचना !

सूचना प्रकाशित मितिः २०८१।०८।०५

यस थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर, मकवानपुरको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलका हिँउदे फलफूलको बिरुवाहरु ५०% अनुदानमा वितरण गर्ने कार्यक्रम रहेकोले थाहा नगरपालिका भित्रका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि फर्महरुले यो सूचना प्रकाशित मितिले ३० दिन भित्रमा बिरुवाको माग र रकम सहित यस शाखामा सम्पर्क राख्न हुनका लागि सूचित गरिन्छ ।

तपसिलः

| सि.नं. | कार्यक्रमको विवरण | परल मूल्य अनुमानित | अनुदानित मूल्य ५०% | कैफियत |
|---|---|---|---|---|
| १. | आंखर बिजु | रु.४० प्रति बोट | रु.२० प्रतिबोट | दर रेटमा घटी बढी भए लिने दिने |
| २. | किवी कलमी | रु.१०० प्रतिबोट | रु.५० प्रतिबोट | |
| ३. | जापनिज हलुवाबेद | रु.६० प्रतिबोट | रु.३० प्रतिबोट | |

अन्य जानकारीको लागि सम्पर्कः ९८४५१०३३४१/९८४५०७२२०० वा इमेल adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

*नोट : म्याद नाघी आएका र रित नपुगेका निवेदनलाई यस कार्यक्रममा समावेश गरिने छैन ।*

**थाहा नगरपालिका**
कृषि विकास शाखा
इन्द्रायणी चौर मकवानपुर


## मकवानपुरको दुई पालिकामा

# रैथाने बालीलाई प्रोत्साहन

विकास संवाददाता
थाहानगर



मकवानपुरका दुई पालिकाले रैथाने बाली र त्यसमा पनि विशेष गरी कोदो, फापर र जुनेलो खेतीलाई अनुदान दिएर प्रोत्साहन गर्न थालेका छन् । मकवानपुरको मकवानपुर गढी र त्यससँगै जोडिएको भीमफेदी गाउँपालिकाले गत आवदेखि रैथाने बालीलाई प्रोत्साहन गर्न थालेका हुन् ।

मकवानपुर गढी गाउँपालिकाले कोदो र फापरको ब्राण्डिङका साथसाथै बजारीकरण पनि गर्न थालेको छ । उसले कोदो, फापर र जुनेलोको न्यूनतम् मूल्य पनि तोकेको छ । हेटौंडा उपमहानगर पालिकासँगै जोडिएको मकवानपुर गढी गाउँपालिका–४ कालीखोलाका सुकुम बहादुर घलानले दुई वर्षअघिसम्म सात रोपनी जग्गामा कोदो रोप्थे। त्यहाँ उत्पादन भएको कोदासमेत बिक्री हुँदैनथ्यो । पालिकाले बजारको व्यवस्थासँगै समर्थन मूल्य तोकेकाले घलानले यस वर्ष २० रोपनी जग्गामा कोदो रोपेका छन् । उनी अहिले ढुक्क छन् । पालिकाले सहयोग गरेपछि जति उत्पादन भए पनि बिक्रीमा समस्या नआउने उनको ठहर छ ।

घलान मात्र होइन, यहाँकी अम्बिका चौलागाईंले पनि अहिले १० रोपनी जग्गामा कोदो रोपेकी छिन् । दुई वर्षअघिसम्म उनले दुई रोपनी जग्गामा मात्र कोदो रोपेकी थिइन् । घलान र चौलागाईंले मात्र होइन, मकवानपुर गढीका १, २, ४, ७ र ८ नम्बर वडाका अधिकांश बासिन्दाले अहिले कोदो खेती गर्न थालेका छन् । 'कोदोको मूल्य पनि राम्रो र बिक्री गर्न पनि समस्या नभएकाले यो रोप्न थालेका हौं,' घलानले भने, 'पहिला त गाईगोरूलाई घाँसका रूपमा नल खुवाउनका लागि कोदो खेती गरिन्थ्यो, अहिले कमाइको निम्ति यसको खेती गरिन थालेको छ ।'

मकवानपुर गढी पालिकाले कोदो प्रतिकेजी ६० रूपैयाँ समर्थन मूल्य तोकेको छ । जुनेलोको प्रतिकेजी ८४, तितेफापर ९० र मिठेफापर १०५ रूपैयाँ न्यूनतम मूल्य तोकेको छ । 'किसानद्वारा उत्पादित कोदो, फापर र जुनेलो स्थानीय सहकारीमा बिक्री गर्दा पालिकाले कृषकलाई प्रतिकेजी ६ रूपैयाँ र सहकारीलाई बजारको व्यवस्थापन गर्न प्रतिकेजी ४ रूपैयाँ अनुदान दिने व्यवस्था गरेको छ,' पालिका अध्यक्ष दोर्जे लामाले भने, 'अनुदान पाएपछि मकवानपुर गढीका कृषकहरू अहिले कोदो, फापर र जुनेलो खेतीतर्फ आकर्षित भएका छन् ।' गाउँपालिका, प्रदेश र संघीय सरकारले रैथाने बालीको प्रवर्द्धनका लागि अनुदान दिन थालेपछि रैथाने बालीको खेतीतर्फ पालिकाबासीहरू आकर्षित भएका हुन् ।' गत वर्ष मकवानपुर गढीमा ४ सय ५० हेक्टर जमिनमा कोदो खेती गरिएको थियो । अहिले विस्तार भएर ५ सय हेक्टर जमिनमा कोदो खेती गरिएको पालिकाका कृषि शाखाका प्रमुख गोपाल लम्सालले बताए । ६० हेक्टर जमिनमा फापर खेती गरिएको छ भने ५० हेक्टर मा जुनेलो खेती गरिएको उनले बताए । विगत चार वर्षदेखि संघीय सरकारसँगै पालिकाले पनि रैथाने बाली कोदोको उत्पादन र उत्पादकत्व वृद्धि गर्न अनुदान दिंदै आएकाले उक्त पालिकाका करिब २ सय ५० घरधुरीले कोदो खेती गरेका छन् ।

चालु आवका निम्ति पालिकामा रैथाने बालीको प्रवर्द्धन गर्नका लागि प्रदेश सरकारले १६ लाख र संघीय सरकारले ६ लाख रूपैयाँ अनुदान दिएको छ । उक्त पालिकाले कोदो, फापर र जुनेलोको बजारीकरण गर्न ब्राण्डिङसहित बजारमा पिठो ल्याएको छ । त्यतिमात्र होइन, कोदो र फापरको खपत बढाउनका लागि स्कुलको दिवा खाजा कार्यक्रममा साताको एक दिन अर्थात् बिहीबार कोदो र फापरका परिकार खुवाउनुपर्ने नियमै बनाइएको छ । दिवा खाजा कार्यक्रममा कोदो र फापरका सेल, हलुवालगायत विभिन्न किसिमका परिकार बनाएर खान दिने गरिएको छ ।

यसैगरी भीमफेदी गाउँपालिकाले गत आवदेखि कोदो खेती गर्ने किसानलाई प्रतिरोपनी २ हजार ५ सय रूपैयाँ अनुदान दिने व्यवस्था गरेको थियो । 'पालिकाले बजेटमा कोदो खेती गर्ने कृषकलाई अनुदान दिने व्यवस्था गर्ने बित्तिकै कोदो खेती गर्ने कृषकको संख्या बढेको छ,' अध्यक्ष हिदम लामाले भने, 'अहिलेको वर्ष झण्डै तीन हजार रोपनीमा कोदो रोपिएको छ ।' अनुदानको व्यवस्था नहुँदा गत आवमा एक हजार रोपनीमा पनि कोदो रोपिएको थिएन । अनुदान पाउने भएपछि कोदो खेतीतर्फ कृषक आकर्षित भएको भीमफेदी गाउँपालिकाका कृषि शाखा प्रमुख उज्ज्वल रानाले बताए । उक्त पालिकाले कोदो खेतीको प्रवर्द्धन गर्न चालु आवका निम्ति ४० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ ।

अहिले किसानले उत्पादन गरेको कोदोको बजारीकरणको व्यवस्थाको तयारी पालिकाले गरिरहेको भीमफेदी कृषि शाखा प्रमुख रानाले बताए । 'यस वर्ष कसरी अनुदान दिने भनेर पालिकाले निर्णय लिइसकेको छैन, तर अब छिट्टै त्यसबारे निर्णय लिइनेछ,' उनले भने ।


## उपचार खर्च सम्बन्धी थाहा नगरपालिकाको सूचना

यस थाहा नगरपालिकामा संघीय सरकारबाट प्राप्त अनुदान मार्फत मृगौला प्रत्यारोपन गरेका, डायलासिस गरिरहेका रोगी र मेरुदण्ड पक्षघाका विरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार नामावली समावेश भएका लाभग्राहीहरुलाई मासिक रुपमा पाँच हजार रुपैयाँ उपचार खर्च उपलब्ध गराउँदै आएकोमा हाल भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त गरिब परिचय पत्र थाहा नगरपालिकाको सबै वडाहरुमा वितरण भैसकेकोले सोही कार्यविधिको नियम २ (ग) अनुसार गरिबीको परिचय पत्र पाएकाहरुलाई मात्र उक्त सुविधा दिने व्यवस्था भएको सम्पूर्णको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**थाहा नगरपालिका**
स्वास्थ्य शाखा

# • सम्पादकीय •

## विद्यालय: खेलकुद विकासको आधार

कुनैपनि राज्यको लागि आवश्यक पर्ने दक्ष जनशक्ति, सशक्त सुयोग्य नागरिक उत्पादनको कारखानाको रुपमा रहेका शैक्षिक संस्थाहरु खेलकुद क्षेत्रको विकासका लागि समेत उर्वरभुमी हुन भन्ने कुरामा कसैको दुईमत हुन सक्दैन । विद्यालयबाट नै समाजको हरेक क्षेत्रमा आवश्यक पर्ने व्यक्तित्वहरु जन्मिने भएको कारणले खेलकुदको विकासका लागि पनि विद्यालयहरुलाई आधारस्तम्भको रुपमा विकसित गर्न सक्नु पर्दछ । वर्तमान अवस्थामा खेलकुद क्षेत्रमा निकै ठूलो प्रगति गर्न बाह्य मुलुकको खेलकुदको इतिहासलाई सरसर्ति अध्ययन गर्ने हो भने पनि खेलकुदको विकासमा विद्यालयको अहम भूमिका रहेको तथ्य स्पष्ट हुन आउँछ । नेपाल पनि खेलकुदको क्षेत्रमा लामो समयदेखि सम्बद्ध हुँदै आएको राष्ट्र हो । नेपालले विगत लामो समयदेखि खेलकुदको क्षेत्रमा लगानी गर्दै पनि आईरहेको छ । तर कतिपय कारणहरुले नेपालको खेलकुदले अपेक्षित गति लिन नसकेको तथ्य सबैका सामू जगजाहेर नै छ । यद्यपी परिवर्तित समयको प्रवाहसगै नेपालले खेलकुदको क्षेत्रमा विकासको गति पक्रदै अघि बढ्नुपर्ने खाँचो छ । यसको लागि हाल नेपालले धेरै कार्य अवलम्बन गर्न सक्नुपर्छ । जसमध्ये एउटा सशक्त आधार हो –'विद्यालय खेलकुदको सञ्चालन तथा व्यवस्थापन ।'

नेपाल जस्तो अल्पविकसित राष्ट्रमा शिक्षाको आवश्यकता र समुचित विकास गुणात्मक रुपमा हुन सकिरहेको छैन । तर पनि यहाँ शैक्षिक संस्था तथा विद्यालयको संख्यामा कुनै कमी छैन । नेपालका ७७ वटै जिल्लामा प्राय: सबैजसो गाउँ विकास समितिहरुमा कुनै न कुनै रुपमा शैक्षिक संस्थाहरु स्थापित छन् । नेपाली खेल क्षेत्रको सर्वकालिन र सर्वपक्षिय विकासका लागि यिनै शैक्षिक संस्थाहरुलाई परिचालन गर्नु वान्छनिय छ । अहिले राष्ट्रव्यापीरुपमा विद्यालय खेलकुदको अवधारणालाई सरकारले नीतिगत र कार्यक्रमिक रुपमा अवलम्बन गर्न आवश्यक छ । यस कार्यका लागि सरकारले युवा तथा खेलकुद मन्त्रालय, शिक्षा मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद (राखेप), नेपाल ओलम्पिक कमिटी, विभिन्न खेलकुद संघसंस्थाहरु, आम खेलप्रेमी तथा खेलसंग सम्वद्ध अन्यहरुसंग आपसी सरसल्लाह, सुझाव एवम् विचारको निष्कर्षको आधारमा यिनै संस्थाहरुसंग समन्वय गरेर एउटा अर्को दिर्घकालिन नीति तर्जुमा जतिसक्दो छिटो तयार गर्नुपर्छ ।

शिक्षा मन्त्रालयले विद्यालयमा खेलकुदको विकासको लागि केहि दशक विरेन्द्र शिल्ड प्रतियोगिताको आयोजना गरेको इतिहास छ । अहिले विरेन्द्र शिल्ड प्रतियोगिता एकादेशको कथा बनी सकेको अवस्थामा राखेपले राष्ट्रपति रनिङ्ग शिल्डको अवधारणा अघि सारेको छ । जसले केहि हदसम्म विद्यालय खेलकुदलाई समेटने कोसिस गरेपनि घोषित लक्ष्य प्राप्तिको लागि सार्थक सिद्ध हुन सकेको छैन । प्रतियोगिता औपचारिकता पुरा गर्नका लागि मात्र गरिएको जस्तो देखिएको छ । केवल आयोजनाका लागि आयोजना मात्र गरिएको जस्तो र भ्रमको खेती गरिएको मात्र देखिएको छ । यस कारण यहाँ उठान गर्न खोजिएको प्रसंग के हो भने २१ औं शताब्दीमा नेपालमा अब खेलकुदको विकासको लागि बृहत र महत्वपूर्ण कार्यहरुको थालनीको खाँचो प्रस्टरुपमा देखिएको छ । यस अन्तर्गत विद्यालय खेलकुदको अवधारणालाई कानुनी, नीतिगत र ब्यवहारिक रुपमा सफल बनाउनु पर्छ । यो कार्यको लागि सरकारले सम्वन्धित सबै निकायसंग अविलम्ब कारबाहि अगाडि बढाउनु पर्छ । यसको लागि बर्तमान गठबन्धनको सरकारले समयमै पहल गरोस् ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# मिसन चौरासीको पूर्वाभ्यासमा दलहरू !



◆ नगेन्द्रराज पौडेल

आगामी १६ मंसिरमा केही स्थानीय तहका रिक्त ४१ पदाधिकारीका लागि उपनिर्वाचनको तयारी लगभग अन्तिम अवस्थामा पुगेको छ । विद्यमान कानुनी तथा संवैधानिक व्यवस्थाअनुसार निर्वाचित पदमा कुनै कारणवश पद रिक्त हुन आएमा उपनिर्वाचनद्वारा ती पद पूर्ति गर्नुपर्ने प्रावधान छ । सो प्रावधानअनुसार रिक्त स्थानका लागि उपनिर्वाचन हुन लागेको हो । रूकुम पूर्वको पुथाउत्तरगंगा-२ को वडाध्यक्ष र जिल्ला समन्वय समिति ओखलढुंगा तथा कैलालीका प्रमुख भने यसअघि नै निर्विरोध निर्वाचित भैसकेका छन् ।

कर्णाली प्रदेशअन्तर्गतका विभिन्न स्थानीय तहका पदाधिकारीका अलावा कीर्तिपुर नगरपालिकाका मेयरका लागि यसपटक उपनिर्वाचन हुँदै छ । उपनिर्वाचन हुने ठाउँमा सबै दलका केन्द्रीय नेता र कार्यकर्ता दलबलसहित पुगेका छन् । कतिलाई आफ्नो विरासत कायम राख्न र कतिलाई अर्काको वर्चस्व भत्काउने अवसर का रूपमा दलहरूले यो उपनिर्वाचनलाई लिएका छन् ।

### जनमत जोख्दै दलहरु:

यतिबेला मिसन ८४ निकै जोडतोडका साथ सुनिन थालेको छ । आगामी २०८४ सालमा स्थानीय तह, प्रतिनिधिसभा तथा प्रदेशसभाका लागि आवधिक निर्वाचन हुनेछ । सो निर्वाचनमा सबै दलले आफ्नो पक्षमा बहुमत ल्याउने मक्सदका साथ मिसन ८४ नाम दिएका हुन् । नयाँ उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीदेखि २०४६ देखि राष्ट्रिय राजनीतिमा सत्ताको हालीमुहाली गर्दै आएका नेपाली कांग्रेस र नेकपा एमालेसमेतले मिसन ८४ भन्दै आएका छन् । यसबीचमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा मात्रै पाँचपटक प्रधानमन्त्री भइसकेका छन् । नेकपा एमालेका केपी शर्मा ओली तेस्रोपटक प्रधानमन्त्री भइरहेका छन् ।

प्रधानमन्त्री ओलीका अनुसार सत्ता समीकरणको महत्वपूर्ण दल नेपाली कांग्रेसका सभापति देउवा २०८२ साउनमा पुन: प्रधानमन्त्री हुनेछन् । वर्तमान सरकार बन्ने समयमा आलोपालो सरकारको नेतृत्व गर्ने सहमति भएअनुसार देउवा प्रधानमन्त्री बन्ने कुरा यसअघि नै निश्चित भइसकेको थियो । त्यो बेला उनको कार्यकाल छैटौं पटक हुनेछ । यसअघि पनि यी दुवै दलका अन्य पात्रबाट पटकपटक सरकारको नेतृत्व हुँदै आएको छ ।

२०४७ देखि आजसम्म यी दलले गरेको के हो ? गर्न नसकेको के हो ? नसकेको काम गर्न के चाहिने हो ? पटकपटक परीक्षणमा उत्रिसकेकाहरूका लागि मिसन ८४ आवश्यक छ र ? यसको जवाफ यी दुवै दलसँग छैन । तैपनि उनीहरू मिसन ८४ फलाक्दै आएका छन् । आगामी उपनिर्वाचनलाई पनि उनीहरूले मिसन ८४ कै पूर्वाभ्यासका रूपमा लिएका छन् । यस क्रममा सत्ता साझेदार प्रमुख दुई दल प्रतिपक्षी र खासगरी नेकपा माओवादीप्रति अलि बढी नै रूष्ट देखिन्छन् । यसैकारण अन्यलाई पराजित गर्न कतिपय स्थानमा चुनावी तालमेल पनि गरेका छन् । नेपाली कांग्रेस र एमालेबाहेक अन्य दल वा व्यक्ति यो उपनिर्वाचनमा कहीँ कतैबाट पनि विजयी नहोऊन् भनेर उनीहरूले निकै मिहिनेत गरेका छन् ।

उनीहरूको लक्ष्य पूरा होला, नहोला तर यसलाई प्रमुख राजनीतिक दलहरूको वर्तमान अवस्थासँग तुलना भने पक्कै गर्न सकिन्छ । उनीहरूको लोकप्रियता घट्दो, बढ्दो के छ त्यसको सूचकका रूपमा निश्चय नै यो उपनिर्वाचनलाई हेर्न सकिन्छ । यसैले दिनभरिको मौसमको आकलनका लागि बिहानीको अवस्थासँग यो उपनिर्वाचनलाई तत्तत् दलहरूले हेर्ने गरेका छन् । उनीहरूले २०८४ मा हुने निर्वाचनको प्रक्षेपणकै रूपमा यो निर्वाचनको परिणामलाई लिने निश्चित देखिन्छ । आफ्नो मत मात्र होइन, लोकप्रियताको वर्तमान अवस्थासँग परिचित हुन पनि यो निर्वाचन उनीहरूका लागि सहयोगी हुने देखिन्छ । यसर्थ अवसर र चुनौतीका रूपमा राजनीतिक दलहरूले यो उपनिर्वाचनलाई लिएको देखिन्छ ।

### उपलब्धिको समीक्षा होस्

मुलुक संघीयतामा प्रवेश गरेसँगै दुई-दुईपटक स्थानीय तह, संघीय संसद् र प्रदेशसभाका लागि निर्वाचन भइसकेको छ । कतिपय स्थानमा पहिलो कार्यकालका लागि निर्वाचित प्रतिनिधिहरू दोस्रोपटकका लागि पनि दोहोरिएर निर्वाचित भएका छन् भने कतिपय ठाउँमा नयाँ अनुहारहरू आएका छन् ।

एकजना विद्वान्ले भनेका छन्, 'जीवनमा उसले गरेका उल्लेख्य कामहरूको गणना गर्नु छैन भने त्यसको उमेर पनि नगनौं ।' नभन्दै को कतिपटक निर्वाचित भयो भन्नुभन्दा पनि कसले देश र जनताका लागि के गऱ्यो भन्ने कुरा महत्वपूर्ण हुन्छ । छोटो समयमा नै बालेन शाह, चिरिबाबु, रेणु दाहल, हर्क साम्पाङदेखि गोपी हमालसम्म यसै चर्चामा आएका होइनन् । उनीहरूले गरेको काम तत्तत् पालिकाका लागि मात्र नभई आमनेपालीका लागि अनुकरणीय बनेको देखिन्छ ।

आजको आवश्यकता कामको हो, पटकको होइन । प्राविधिक कारणले चुनाव जित्नु एउटा पाटो हो भने हारेर पनि जनताको मन जित्नु अर्को पाटो हो । यिनै लोकप्रिय नेतृत्वका लागि भने मिसन ८४ आवश्यक पर्छ र सुहाउँछ पनि ।

### कुम्लो बोकी ठिमीतिर

नेपालको संविधानले ऐन, कानुन तर्जुमाका लागि सांसदको व्यवस्था गरेको छ । सांसदहरूको मुख्य काम पनि यही हो । यसैका लागि उनीहरू निर्वाचित भएर आएका हुन् । तर, हामीकहाँ सांसदहरू कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर गर्ने गरेका बग्रेल्ती उदाहरणहरू छन् । पहिलो कुरा त उनीहरू मन्त्रीका लागि लालायित हुन्छन् । मुलुकलाई चाहिने नियम, कानुन बनाउनतिर उनीहरूको ध्यान पटक्कै जाँदैन, गएको देखिँदैन ।

यतिबेला राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरू आफ्ना पार्टी सभापति रवि लामिछानेको सहकारी प्रकरणमा पक्राउविरूद्ध सडकमा छन् । उनीहरूले दिनहुँजसो सडक तताउँदै आएका छन् । अघिल्लो शुक्रबार नेकपा एमालेका सांसदहरू जागरण सभाका नाममा सडकमा आए । सत्तासीन दलले सडकमा उठेका प्रश्नको जवाफी हमला सडकबाट होइन, सत्ता र कामबाट दिनुपर्छ । उनीहरूले पनि उल्टो बाटो अवलम्बन गरे । राष्ट्रिय प्रजातन्त्र पार्टी पनि सुदूर पश्चिमबाट सडककै बाटो तताउँदै छ । नेकपा माआवादीहरू पनि संगठन विस्तार समेतका लागि भन्दै सडकमा नै ओर्लेका छन् ।

### अलपत्र विधेयक

निजामती, शिक्षा, प्रहरी विधेयकदेखि अन्य दर्जनौं विधेयकहरू सदनमा पेस गर्नुपर्ने थियो । संसद्को अधिवेशन अन्त्य भए पनि प्रतिनिधिसभाका विभिन्न समितिहरूको बैठक बस्न सक्थ्यो । ती समितिले प्रस्तावित ऐन, नियममा छलफल गरी हिउँदे अधिवेशनमा सदनमा पेस गर्नका लागि सिफारिस गर्न सक्थे । समितिले चाहँदा धेरै काम गर्न सकिन्थ्यो । तर, संसद् अन्त्य भएको दुई महिनाभन्दा बढी भइसक्यो । मंसिरको अन्तिम वा पुस पहिलो साताबाट हिउँदे अधिवेशन गर्ने अभ्यास छ । विषयगत समितिले विधेयकमा आवश्यक संशोधनसहितको प्रतिवेदन सदनमा पेस गरेपछि त्यसलाई पारित गरेर कानुनी रूप प्रदान गरिन्छ । तर, कुनै पनि समितिले हिउँदे अधिवेशनको सुरूमै पेस गर्न सकिने गरी विधेयकलाई निचोडमा पुऱ्याएका छैनन् ।

प्रतिनिधिसभाका कुनै पनि विषयगत समितिले विधेयकलाई निष्कर्षमा पुऱ्याएनन् । उनीहरूको प्राथमिकतामा यी काम परेकै छैनन् । जे कामका लागि निर्वाचित भएको हो, सोही काम नै नगरेपछि मिसन ८४ केका लागि ? फेरि दोहिरिएर सांसद बन्न ? फेरि अक्रमण्यता देखाउन यिनैलाई जनताले चुनिदिनुपर्ने ?

आज पनि प्रतिनिधिसभाका समितिहरूमा एक दर्जनभन्दा बढी विधेयक विचाराधीन छन् । तर, कोरम नपुगरे बैठकसमेत बस्न नसकेका समाचार आइरहेका छन् । विषयगत समितिहरू कानुन निर्माणमा पछि परेका छन् । अधिवेशन अन्त्य भएको दुई महिना बित्दा पनि कुनै पनि समितिले किन विचाराधीन विधेयकलाई टुंगोमा पुऱ्याउन सकेका छैनन् ? यसको जवाफ कसले दिने ? कहिले दिने ?

विधेयकहरूलाई निष्कर्षमा पु-याउन संसद्का विषयगत समितिहरूको भूमिका अहं हुन्छ । यसकारण, संसदीय

*बाँकी पेज ३ मा*

## मिसन चौरासीको.... .

परम्परामा विषयगत समितिहरूलाई 'मिनी संसद्' पनि भन्ने गरिन्छ । संसद्को अधिवेशन नभएका बेला पनि समितिहरूले अझ प्रभावकारी ढंगले काम गर्नुपर्ने थियो तर गरेनन् ।

### सकसमा निजामती र शिक्षा

संघीयतासहितको संविधानले एक दशक व्यथित गरिसक्दा पनि त्यसलाई प्रशासनिक तवरले कार्यान्वयन गर्ने निजामती ऐन आजपर्यन्त आउन सकेको छैन । यसबीचमा प्रतिनिधिसभाले एक कार्यकाल पूरै र अर्को कार्यकाल लगभग आधा बिताइसकेको छ । लामो समयदेखि अलि बढी चासो र विवादमा रहेको निजामती सेवा विधेयक समितिमा सबैभन्दा लामो समयदेखि घुमिरहेको छ । ६ वर्षदेखि छलफलमा रहेर पनि सो विधेयक पारित हुन सकेको छैन । यसले गर्दा राजनीतिक हिसाबले संघीयता कार्यान्वयनमा आए पनि प्रशासनिक रूपमा कार्यान्वयनमा आउन सकेको छैन ।

तत्कालीन सरकारले पहिलोपटक २७ माघ २०७५ मै उक्त विधेयक संसद्मा लगेको थियो । प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा राज्य व्यवस्था तथा सुशासन समितिमा करिब ३ वर्ष उक्त विधेयकमाथि छलफल पनि भएको थियो । तर, छलफलले निष्कर्ष भने दिन सकेन । सरकार र समितिबीच पनि कतिपय विषयमा कुरा नमिल्ने, बीचबीचमा विभागीय मन्त्री फेरिने र उनीहरूले अध्ययनका लागि समय माग्ने स्थिति आएपछि सरकारले २० असोज २०७८ मा उक्त विधेयक फिर्ता लिएको थियो । आमचुनावपछि बनेको नयाँ सरकारले उक्त विधेयक दोस्रोपटक २०८० फागुनमा पुनः प्रतिनिधिसभामा दर्ता गराए पनि उक्त विधेयकमाथि छलफल प्रारम्भ नहुनु लाजमर्दो विषय बनेको छ ।

विद्यालय शिक्षा विधेयक राष्ट्रिय शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विचाराधीन छ । विगत एक वर्षदेखि विद्यालय शिक्षा विधेयकमाथि छलफल गरिरहे पनि समितिले टुंग्याउन सकेको छैन । संविधानले विद्यालय शिक्षाको अधिकार स्थानीय तह र प्रदेश सरकारलाई दिएको छ । कतिपय एकल र कतिपय साझा अधिकारको सूची संविधानको अनुसूचीमा उल्लेख गरिएको छ । त्यसअनुसार कानुनको व्यवस्थापन हुन नसक्दा शिक्षा क्षेत्र अस्तव्यस्त छ । गत वर्ष भदौ २७ मा उक्त विधेयक प्रतिनिधिसभामा दर्ता गरिए पनि टुंगोमा भने पुग्न सकेको छैन ।

यसरी हेर्दा जतिसुकै निर्वाचनले जुनसुकै पात्रलाई निर्वाचित गरे पनि तिनीहरूले पदीय जिम्मेवारी पूरा नगर्दा उपलब्धि देखिँदैन । उपलब्धि देखाउन नखोज्ने र नसक्ने पात्र र प्रवृत्तिलाई जुनसुकै हालतमा पनि अस्वीकार नगर्दासम्म व्यक्ति फेरिएलान् जनताको अवस्था फेरिँदैन । अबको लडाइँ अवस्था फेरिनका लागि हुनुपर्छ । यसका लागि आसन्न उपनिर्वाचन र यसले दिने सन्देश महत्वपुर्ण मानिन्छ । आमरूपमा दलहरूप्रति जतिसुकै घृणा वा असहमत भए पनि अन्ततोगत्वा निर्वाचन परिणाम दलकै पक्षमा जाने निश्चित छ । फरक यत्ति हो कि सबै दलले मिसन ८४ को नारा दिएकै छन् । यीमध्ये कसको पोल्टामा मिसन ८४ नजिकिन सक्ला भन्ने पूर्वानुमानका लागि समेत आगामी उपनिर्वाचन र त्यसको परिणामलाई हेर्नुपर्ने हुन्छ ।

# क्षयरोग रोकथाम तथा नियन्त्रणका उपायहरु

क्षयरोग नाङ्गो आखाँले देख्न नसकिने सुक्ष्म कीटाणुबाट हुने एक प्रकारको सरूवा रोग हो जुन जनस्वास्थ्य समस्याको रूपमा रहेको छ । यो रोग श्वासप्रश्वासको माध्यमबाट एउटा क्षयरोग संक्रमित ब्यक्तिले खोक्दा, हाच्छ्युँ गर्दा अर्को स्वस्थ ब्यक्तिमा सर्ने गर्दछ । उच्च मृत्यूदर भएका १० वटा रोगमध्ये यो पनि एक हो। यसको किटाणु जर्मनका वैज्ञानिक डा रोबट ककले सन १८८२ मार्च २४ तारिकका दिन पत्ता लगाएका थिए। कुनै व्यक्तिसँग क्षयरोगको किटाणु हुँदैमा त्यो व्यक्तिलाई क्षयरोग रोग लाग्छ भन्ने हुँदैन । जो ब्यक्तिमा रोगसँग लड्ने क्षमता कम छ त्यस्ता ब्यक्तिलाई छिट्टै यो रोग लाग्छ। एउटा क्षयरोगको बिरामीले वर्षभरिमा १० देखि १५ जना सम्ममा सार्ने गर्दछ भने सहरी क्षेत्रमा २५ जना सम्ममा सार्ने गर्दछ ।

### क्षयरोगको अवस्था:

नेपालमा आ व २०८१/ ०८२ मा जम्मा ३३१४ क्षयरोगका बिरामी ड्रग-सस्केप्टेबल र ३० वटा ड्रग-रेसिस्टेन्टका बिरामी रहेको पाइन्छ। सबै भन्दा धेरै मधेस प्रदेशमा ७३५ जना, बाग्मती प्रदेशमा ७१७ जना, लुम्बिनी प्रदेशमा ७१४ जना, कोशी प्रदेशमा ४२९ जना, सुदुरपश्चिममा ३४६ जना, गण्डकीमा २३३ जना र कर्णालीमा १४० जना क्षयरोगका बिरामीहरू राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रमा दर्ता भई उपचार गराइरहेका छन् । नेपालभरमा अहिलेसम्म जम्मा ९३ जनाको मृत्यू समेत भएको छ। ५८ प्रतिशत पीबीसी, १३ प्रतिशत पीसीडी र २९ प्रतिशत इपी क्षयरोगका बिरामी रहेका छन् । अझ उमेर र लिङ्गका आधारमा भन्ने हो भने ६५ वर्ष भन्दा माथिका जेष्ठ महिलाको तुलनामा जेष्ठ पुरूष बढी ग्रसित छन् । जयपृथ्वी नगरपालिकामा गत आ व २०८०/०८१ र २०८१/०८२ सम्ममा जम्मा ३४ जना राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रमा दर्ता भएर उपचार गरिरहेको प्रतिवेदनले देखाएको छ। जसमा १९ जना पीबीसी, ६ जना पीसीडी र ९ जना इपी क्षयरोगका बिरामीहरू रहेका छन् । ३४ जनामध्ये २ जना क्षयरोगका बिरामीहरूले औषधि सेवन निरन्तर नगरेका कारण मृत्यू भइसकेको छ ।

### क्षयरोगको किसिम

साधरणतया क्षयरोग दुई किसिमको हुन्छ। एउटा फोक्सोमा हुने क्षयरोग र अर्को फोक्सो भन्दा बाहिर शरिरका अन्य भागमा हुने क्षयरोग। फोक्सोमा हुने क्षयरोगलाई पाल्मोनरी क्षयरोग भनिन्छस यसलाई पनि दुई भागमा बाड्न सकिन्छ। एउटा खकारमा क्षयरोगका किटाणु देखिएको र अर्को खकारमा क्षयरोगका किटाणु नदेखिएको ।


### लक्षण:

- लगातार खोकी लागिरहनु
- साझपख हल्का ज्वरो र पसिना आउनु
- खोक्दा रगत सहित तथा रगत विनाको खकार देखिनु
- खानमन नलाग्नु
- शरिरको तोल घट्दै जानु वा दुब्लाउदै जानु
- छाति दुख्नु र सास फेर्न गाह्यो हुनु

बच्ने उपायहरू

- क्षयरोगको संका लाग्ने बित्तिकै यसको पहिचान गरी उपचार गर्ने
- बच्चा जन्मिने बित्तिकै यसबाट बच्नको लागी द्यऋन् खोप लगाउने
- नियमित रूपमा उपचार गर्ने
- खोक्दा र हाच्छ्युँ गर्दा मुख छोप्ने
- जथाभावी नथुक्ने र खकारको उचित ब्यवस्थापन गर्ने
- भारतबाट नेपाल आउने व्यक्ति, एचआईभी संक्रमित, दीर्घरोग लागेका बिरामी, गर्भवति सुत्केरी आमा र कुपोषित बालबालिकाको क्षयरोग परीक्षण गराउने

### उपचार विधि:



- प्रत्यक्ष निगरानिमा गरिने उपचार पद्धति समुदायमा आधारित प्रत्यक्ष निगरानिमा गरिने उपचार पद्धति
- परिवारमा आधारित प्रत्यक्ष निगरानिमा गरिने उपचार पद्धति

छ महिना सम्म निरन्तर ४ किसिमको औषधि सेवन गरेमा क्षयरोग पुर्णरूपमा निको हुन्छ र अरूमा पनि सर्दैन ।

क्षयरोगको उपचार लामो समयसम्म गर्नुपर्ने भएकोले बिरामीले निको भएको महसुस गरी वा अन्य केही कारणबाट औषधी बिचमै खान छोड्न सक्छन् जसले गर्दा रोग निको नहुने तथा औषधी प्रतिरोधी क्षमताको समेत विकास हुने र मृत्यू समेत हुन सक्छातसर्थ बिरामीलाई उपचार सुरू गर्दा औषधी सेवन गर्नुपर्ने अवधि, अनुगमन खकार परिक्षण अवधि, साथै औषधीका सामान्य असरहरू बारे पनि जानकारी गराउनुपर्छ ।

### कार्यक्रमको लक्ष्य:

२०३५ सम्ममा क्षयरोगलाई जनस्वास्थ्य समस्याको रूपमा रहन नदिइ यसबाट हुने मृत्यूदरलाई घटाई २०५० सम्ममा १० लाख जनसंख्यामा १ जना भन्दा कम संख्यामा झार्ने र क्षयरोग बिहिन नेपाल बनाउने,

२०२५ सम्ममा क्षयरोगबाट हुने मृत्यूदरलाई २०१५ को तुलनामा ७५ प्रतिशतले घटाउने,

क्षयरोगका नयाँ बिरामिको दर ५० प्रतिशतले घटाउने,

यसका कारण परिवारमा पर्ने खर्चभार शून्यमा झार्ने,

२०३५ सम्ममा क्षयरोगबाट हुने मृत्यूदरलाई २०१५ को तुलनामा ९५ प्रतिशतले कम गर्ने,

नयाँ क्षयरोगको बिरामीदर ९० प्रतिशतले घटाउने,

स्वास्थ्य कार्यालय र विभिन्न स्वास्थ्य संस्था तथा गैर सरकारि संस्थाहरूसंग समन्वय गरि कार्यक्रम संचालन गर्ने,

जनप्रतिनिधि शिक्षक र स्वास्थ्यकर्मीहरूसँग समन्वय गरि कार्यक्रम संचालन गर्ने ।

समुदायमा रहेका जोखिम समुह एच।आई।भि। सत्क्रमित, मधुमेह, दमका रोगी, कुपोषित तथा स्वाशप्रश्वास ग्रसित बालबालिका सुत्केरी तथा गर्भवति महिला, जेष्ठ नागरिक तथा बालुवा गिट्टि तथा काठमा काम गर्ने ब्यक्तिहरूमा क्षयरोग खोजपड्ताल तथा क्षयरोगको परीक्षण गर्ने ।


नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढन देउ, विवाह हैन पढन देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर



थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# यि हुन्, हेटौंडा-१२ का अन्तिम प्रतिस्पर्धी

◆ विकास संवाददाता



मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ को वडाध्यक्ष पदका लागि उम्मेदवारी दिएकाहरूको अन्तिम नामावली सार्वजनिक भएको छ । सार्वजनिक भएको नामावली अनुसार, २ मंसिरमा वडाध्यक्ष पदका लागि १४ जनाले मनोनयन दर्ता गराएका थिए । तीमध्ये उम्मेदवारी दिएका २ जनाले ५ मंसिरमा मनोनयन फिर्ता लिएका छन् ।

उमेद्वाद्वारी फिर्ता लिनेहरूमा युनेश लामा स्याङ्तान र कुमार पोखरेल छन् । उनीहरू दुबै जनाले स्वतन्त्र तर्फबाट उम्मेदवारी दर्ता गर एको थिए । उम्मेदवारी फिर्तापछि मुख्य निर्वाचन अधिकृतको कार्यालयले अन्तिम नामावली सार्वजनिक गरेको मुख्य निर्वाचन अधिकृत अवानी मैनाली भट्टराईले जानकारी दिइन् । उनले दिएको जानकारी अनुसार, वडाध्यक्ष पदमा राजनीतिक दलको तर्फबाट ९ जना र स्वतन्त्र तर्फबाट ३ जना गरी १२ जनाको उम्मेदवारी परेको छ ।

नेपाली कांग्रेसको तर्फबाट अर्जुन प्रसाद तिवारी, नेकपा एमालेबाट राजेश नगरकोटी, नेकपा माओवादी केन्द्रको तर्फबाट रविन प्रधान, राप्रपाको तर्फबाट प्रेमबहादुर भ्लोन लामा, नेकपा एकीकृत समाजवादीको तर्फबाट बलराम बलको अन्तिम नामावली प्रकाशनमा उल्लेख छ ।

यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट आशाबीर बल, नेमकिपाबाट फुलमाया तितुङ र जसपाबाट छबिलाल वाईबा र दीपा लामाले मनोनयन दर्ता गराएका छन् भने स्वतन्त्र तर्फ अर्जुन घलान, गीता कुमारी नेवार र छत्रप्रकाश अधिकारीले वडाध्यक्ष पदका लागि मनोनयन दर्ता गराएका छन् ।

# मकवानपुरमा पशु ढुवानीमा कानून कार्यान्वयन फितलो

◆ विकास संवाददाता



मकवानपुर जिल्ला अन्तर्गत पर्ने विभिन्न राजमार्गहरूबाट पशु ढुवानीका क्रममा मापदण्ड नअपनाइएको पाइएको छ । मकवानपुर भएर त्रिभुवन राजपथ, कान्तिराजपथ, पूर्व पश्चिम राजमार्ग लगायतका क्षेत्रमा सवारीसाधन मार्फत पशु ओसार पसार गर्दा मापदण्ड पूरा नगरिएको पाइएको हो । पशुलाई एक ठाउँबाट अर्को ठाउँमा ढुवानी गर्दा आवश्यक मापदण्ड पूरा गर्नुपर्ने मानूनी व्यवस्था छ ।

पशु ढुवानीमा मापदण्ड पुरा नगरेको र सरकारी निकायले नियमको प्रभावकारी अनुगमन गर्न नसकेको पशु अधिकारकर्मीहरू बताउँछन् । मकवानपुर प्रहरीले आक्कलझुक्कल कारबाही चलाएको बताएको छ । पशु ढुवानीको मापदण्ड पुरा नगरेको भएर केही दिन अघि मात्र मकवानपुरको मनहरीमा सचेत गरेर पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरिक्षक स्यामु अर्यालले बताए । उनले भने- 'जानकारीमा आएसम्म पशु ढुवानी मापदण्ड पुरा गर्न लगाएका छौं ।'

हरेक दिन शरीर रत्ताम्मे बनाएर मासुका लागि भारत हुँदै ठुलो संख्यामा राँगा, भैँसी, खसीबोकाको ढुवानी मकवानपुर भएर काठमाण्डौं लैजाने गरिएको छ । पशु ढुवानीलाई व्यवस्थित बनाउन सरकारले पशु ढुवानी मापदण्ड, २०६४ को मापदण्ड तथा पशु कल्याण निर्देशिका २०७३ जारी गरेको छ ।

पशुलाई एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्दा आठ घण्टाभन्दा धेरै हिँडाउन नपाउनेलगायतको व्यवस्था मापदण्डमा रहेको छ । गाडीमा ढुवानी गर्दा अधिकतम ४८ घण्टामा गन्तव्य पुऱ्याउने पर्ने हरेक आठ घण्टामा तल झारेर दानापानी दिएर मात्र अघि बढाउनुपर्ने निर्देशिकामा उल्लेख भए पनि त्यसको कार्यान्वयन हुन नसकेको पशु अधिकारकर्मीहरूको प्रतिक्रिया छ ।

# बागमती प्रदेश सरकारको कमजोर वित्तीय प्रगती



◆ विकास संवाददाता

बागमती प्रदेश सरकारको चालु आर्थिक वर्ष (आव)२०८१/८२ को पहिलो चार महिनामा कुल बजेटको आठ प्रतिशतभन्दा कम खर्च भएको छ । प्रदेश सरकार बजेट खर्चमा गत आवको पहिलो चार महिनाको तुलनामा चालु आवको चार महिनामा कमजोर देखिएको हो । गत आवको साउनदेखि कात्तिक मसान्तसम्ममा विनियोजित बजेटको चालु र पुँजीगततर्फ गरी नौ प्रतिशत खर्च गरेकोमा चालु आवको चार महिनामा चालु आवका लागि विनियोजित बजेटको आठ प्रतिशतभन्दा कम खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

चालु आवका लागि प्रदेश सरकारले गत असार १ गते ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रूपियाँको कार्यक्रम र योजना कार्यान्वयन गर्न बजेट ल्याएकोमा गत कात्तिक मसान्तसम्ममा कुल बजेटको ७.९३ प्रतिशत अर्थात् पाँच अर्ब ११ करोड ६९ लाख नौ हजार रुपियाँ खर्च भएको प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।

गत आवमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपियाँ बजेट विनियोजन गरिएकोमा पहिलो चार महिनामा ९.२ प्रतिशत अर्थात् पाँच अर्ब ७८ करोड ७१ लाख रुपियाँ खर्च भएको थियो ।

चालु आवका लागि विनियोजित बजेटमध्ये चालुतर्फ २६ अर्ब १० करोड १६ लाख ८२ हजार रूपियाँ, पुँजीगततर्फ ३६ अर्ब ९३ करोड ८७ लाख ४९ हजार र वित्तीय व्यवस्थातर्फ एक अर्ब ५० करोड रुपियाँ रहेको छ ।

# वन क्षेत्रमा बनेका संरचना भत्काइने

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिका -७ स्थित मनकामना सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रमा पर्ने राष्ट्रिय रोटरी माध्यमिक विद्यालयदेखि निर्मल बस्तीसम्मका अतिक्रमित जग्गामा बनेका संरचना भत्काइने भएको छ । वन समूहले ५ मंसीरमा आयोजना गरेको सर्वपक्षीय छलफलमा सहभागीहरूले अतिक्रमित संरचना हटाउने निर्णय गरेको हो ।

छलफलमा मनकामना सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरू, ७ नं वडाका जनप्रतिनिधिहरू डिभिजन वन कार्यालय राप्ती, सब डिभिजन वन कार्यालय मनहरी, इलाका प्रहरी कार्यालय मनहरी, शसस्त्र प्रहरी आइआरटी पोष्ट लच्का, मकवानपुर उद्योग वाणिज्य संघ, राजनीतिक दलका प्रतिनिधि, पत्रकार तथा सरोकारवालाको सहभागिता रहेको थियो ।

सर्वपक्षीय अनुगमन टोली अतिक्रमित क्षेत्रमा अवलोकनमा पुग्दा दैनिक रूपमा निर्मलबस्तीको उत्तरतर्फको बाटो मिचेर जंगलतिर सारिएको, बाटोभन्दा माथिको भूभागमा गोठ, कुखुराको खोर तथा मान्छे सुत्ने टहरा समेत बनाएको पाइएको थियो । सहभागी सबैल तत्कालै अतिक्रमित भूभाग वनक्षेत्रमै फिर्ता गरी सुन्दर पिकनिक पार्क बनाउनका लागि पहल गर्नुपर्ने सुझाव दिएका थिए । मनहरी-७ का वडाध्यक्ष ठाकुरराम तितुङले अतिक्रमण रोक्नका लागि तत्कालै बाटोमा कंक्रिट स्ल्याव ढलान कार्य अघि बढ्ने समेत बताए ।

## थाहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### इन्द्रायणी चौर, मकवानपुर

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (डग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।



# जनकल्याण माविमा लक्ष्य निर्धारण तालिम सञ्चालन

◆ विकास संवाददाता

**पालुङ जेसिज सप्ताह**

पालुङ जेसिजको वर्ष २०२४ को सप्ताहव्यापी कार्यक्रम अन्तरगतको पहिलो कार्यक्रम लक्ष्य निर्धारण तालिम भएको छ । ९ मंसिर बिहान थाहा नगरपालिका ३ स्थित जनकल्याण माविमा लक्ष्य निर्धारण तालिम सञ्चालन गरिएको तालिम कार्यक्रम संयोजक विराज थापाले जानकारी दिए ।

तालिममा जनकल्याण माविमा कक्षा १२ मा अध्ययनरत ४० जना विद्यार्थीको सहभागिता रहेको थियो । तालिमको सहजीकरण पालुङ जेसीज बर्ष २०२४ का कोषाध्यक्ष सञ्जय गोपालीले गरेका थिए । पालुङ जेसीज बर्ष २०२४ का अध्यक्ष निरज रायमाझीको अध्यक्षतामा सञ्चालन भएको तालिम कार्यक्रममा पालुङ जेसीजका पूर्व अध्यक्ष मनोज रायमाझीको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा पालुङ जेसीजका निवर्तमान अध्यक्ष संगम कार्की, महासचिव बिक्रम गोपाली, कार्यकारिणी उपाध्यक्ष एवम् जेसीज सप्ताह मूल कार्यक्रम संयोजक मानसिंदोङ, तालिम आयुक्त अजित कार्की, उपाध्यक्ष एवम् सप्ताह सहमूल कार्यक्रम संयोजक नारायण कार्की लगायतको उपस्थिति रहेको थियो ।




# थाहानगरको पालुङ वहुउद्धेश्यीय सहकारीलाई उत्कृष्ट करदाता सम्मान

◆ विकास संवाददाता

आन्तरिक राजश्व कार्यालयले विभिन्न ६ विधामा उत्कृष्ट करदाता घोषणासहित सम्मान गरेको छ । कार्यालय हेटौंडाले कर सप्ताहको समापनसँगै ७ मंसिरमा सबैभन्दा बढी आयकर दाखिला गर्ने करदातालाई सम्मानपत्र प्रदान गरेको हो ।

सम्मानित हुनेहरूमा बैंक तथा वित्तीय संस्थातर्फ थाहा नगरपालिकाको पालुङ बहुद्देश्यीय सहकारी संस्था लिमिटेड सम्मानित भएको छ । त्यसैगरी समग्र क्षेत्रतर्फ निक-लुम्बिनी विद्युत् जे.भी., उद्योग क्षेत्रतर्फ यति पेन्ट्स नेपाल प्रा.लि., व्यापार क्षेत्रतर्फ न्यू ब्रदर हार्डवेयर, शैक्षिक क्षेत्रतर्फ हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एन्ड सोसियल साइन्सेस एजुकेशन प्रा.लि., अन्तःशुल्कतर्फ गोरखा लाहारी प्रा.लि.लाई सम्मान गरिएको छ ।




यस्तै, मकवानपुर उद्योग वाणिज्य संघ, उद्योग संघ मकवानपुर र चेम्बर अफ कमर्श मकवानपुरलाई कर सहभागितामा पुऱ्याएको योगदानको लागि सम्मान गरिएको छ भने नेपाल रेडक्रस सोसाइटी मकवानपुर पनि सम्मानित भएको छ । कम्पनी र संस्थाका सञ्चालक तथा प्रतिनिधिलाई कार्यालयका प्रमुख कर अधिकृत युक्त सुवेदीले सम्मान पत्र हस्तान्तरण गरेका हुन् ।

यस्तै, कर सप्ताहको तेस्रो दिन आयोजना गरिएको खुल्ला निबन्ध प्रतियोगिताका विजेता हेटौंडा स्कुल अफ म्यानेजमेन्टकी छात्रा प्रतिभा भट्टराई (प्रथम), सलिना घिताल (द्वितीय) र स्नेहा उप्रेती (तृतीय)लाई नगद पुरस्कारसहित पुरस्कृत गरिएको छ । कार्यक्रमका विशिष्ठ अतिथि प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले करको दायरामा आएर राज्यप्रतिको दायित्व बहन गरेकामा करदातालाई धन्यवाद दिएका थिए ।

प्रमुख कर अधिकृत सुवेदीले कार्यक्रमको समापन मन्तव्य राख्दै कर दिवस एवं सप्ताहलाई सफलतापूर्वक सम्पन्न गर्ने सहयोग गर्ने सबैप्रति कृतज्ञता व्यक्त गरे ।

# मकवानपुरको ७ वटा पालिकामा सामुदायिक आँखा केन्द्र, बाँकीमा पनि स्थापना गरिने

◆ विकास संवाददाता

मकवानपुरको सदरमुकाम हेटौंडा उपमहानगरपालिकासहित ७ वटा पालिकामा सामुदायिक आँखा केन्द्रले सेवा सञ्चालन गरेका छन् । जिल्लाको १० पालिकामध्ये बाँकी ३ वटामा पनि आँखा केन्द्र स्थापना गरी सञ्चालन गर्ने तयारी छ ।

हेटौंडा सामुदायिक आँखा अस्पतालले थाहा नगरपालिका, मनहरी गाउँपालिका, बागमती गाउँपालिका, ईन्द्रसरोवर गाउँपालिका, कैलाश गाउँपालिका र बकैया गाउँपालिकासँगको सहकार्यमा ग्रमीण आँखा केन्द्र पनि संचालन गरि सकेको छ । त्यसैगरी राक्सिराङ, भीमफेदी र मकवानपुरगढी गाउपालिकासँग पनि ग्रामीण आँखा केन्द्र स्थापनकोलागि छलफल भईरहेको छ । पालिकाहरूमा नयाँ शल्यक्रिया भवन निर्माण गरी सेवा प्रदान गर्नुका साथै न्यून दृष्टि भएका बालबालिकाको लागि पनि छुट्टै सेवा प्रदान गर्ने योजना रहेको छ ।




हेटौंडामा भने हेटौंडा सामुदायिक आँखा अस्पताल १६ वर्षदेखि शुरू भएको हो । ५ मंसिर २०६५ मा अष्ट्रेलियन राजदुत ग्राहम लेडले हेटौंडामा सुमदायिक आँखा अस्पतालको उद्घाटन गरेका थिए । नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठानको पहिलो शाखाको रूपमा हेटौंडा सामुदायिक आँखा अस्पताल स्थापना भएको हो । स्थापनाकालदेखि हालसम्म अस्पतालमा ८ लाख ९३ हजार जनाले आँखा जाँच गरिसकेका छन् । ६० हजार मोतिविन्दुका बिरामीको शल्यक्रिया भएको छ । विभिन्न क्षेत्रमा निःशुल्क आँखा शिविर संचालन गरेर २२ हजारको निःशुल्क शल्यक्रिया गरिएको छ ।

अस्पतालमा आँखा जाँच, चश्मा जाँच, शल्यक्रिया सेवा, औषधि सेवा प्रदान गरिदै आईरहेको छ । यसका साथै आँखा स्वाथ्य सम्बन्धि जनचेतना प्रदान गर्न बिभिन्न समयमा विद्यालयका शिक्षक, स्वास्थ्य कार्यकता, महिला स्वास्थ्य स्वयम्सेविका, कारखानाका कामदार लगायत बिभिन्न समूहलाई तालिम गोष्ठी आयोजना गर्दै आएको छ । अस्पतालमा आई आँखा उपचार सेवा लिन नसकेकाहरूलाई ग्रामीण क्षेत्रमा नै पुगी निःशुल्क आँखा शिविर पनि आयोजना गर्दै आइरहेको छ ।

**थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।**

- जन्म, मृत्यु, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णयकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिद्यालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपरुु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्युदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर





**समयमै व्यक्तिगत घटना दर्ता गरौं ।**

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# पालुङ जेसीज सप्ताह शुरू, थाहानगर उपप्रमुखले गोपालीले गरे उद्घाटन

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा क्रियाशील पालुङ जेसीजको जेसीज सप्ताह कार्यक्रम शुरू भएको छ । कार्यक्रमको ७ मंसिरमा ऐतिहासिक पालुङगढीमा आयोजित एक समारोहबीच प्रमुख अतिथि थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले उद्घाटन गरेका छन् ।

पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीको सभाध्यक्षता भएको कार्यक्रममा पालुङ जेसीज वर्ष २००८ को अध्यक्षसमेत रहेका उपमेयर गोपालीले पालुङगढीको संरक्षणमा जोड दिए। उनले युवा नेतृत्वका लागि जेसीज महत्वपूर्ण रहेको उल्लेख गरे । कार्यक्रममा थाहा नगरपालिका वडा नंम्बर २ का वडा अध्यक्ष बमबहादुर सिन्तान, पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरूषोत्तम ढकाल, वर्ष २००५ का अध्यक्ष सानोभाइ कार्की लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।




सो अवसरमा पालुङ जेसीजका कार्यकारिणी उपाध्यक्ष एवम् मूल कार्यक्रम संयोजक मानसिं दोङले कार्यक्रमको बारेमा जानकारी दिएका थिए । उनका अनुसार ९ मंसिरदेखि १४ गतेसम्म विभिन्न ७ वटा कार्यक्रमको आयोजना गर्न लागिएको छ । ९ मङ्सिरमा विराज थापाको संयोजकत्वमा जनकल्याण मावि पालुङमा लक्ष्य निर्धारण तालिम कार्यक्रम गरिने छ ।

यसैगरी १० गते विश्वनाथ रायमाझीको संयोजकत्वमा प्रदिप जेसीज दौड प्रतियोगिता, ११ गते अजय कार्कीको संयोजकमा न्यानो कपडा वितरण कार्यक्रम, १२ गते रोशनी गोपालीको संयोजकमा पालुङ जेसीजको यस बर्षको प्रकरणमा आधारित माध्यमिक तह स्तरीय वक्तृत्वकला प्रतियोगिता, १३ गते रचना बस्नेतको संयोजकत्वमा ऋषेश्वर प्रावि दामनका बिद्यार्थीहरूलाई भरत-रत्न छात्रवृत्ति कार्यक्रम र १४ गते श्रीकृष्ण श्रेष्ठको संयोजकत्वमा मैत्रीपूर्ण जेसीज कप फुटबल प्रतियोगिता ईन्द्रायणी चौरमा हुनेछ ।

त्यस्तै १५ गते अञ्जय प्रधानको संयोजकत्वमा सप्ताहव्यापी कार्यक्रमको समापनका साथै सम्मान तथा पुरस्कार वितरण कार्यक्रम जेसीज सभाहलमा गरिनेछ । समापन कार्यक्रममा संघीय साँसद महेश बर्तौला आउने अध्यक्ष रायमाझीले जानकारी दिए ।

# कैलाशको नामटारमा स्यार्से कालिका मन्दिरको उद्घाटन

◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर ९ नामटरमा रहेको स्यार्सेकालिका मन्दिरको उद्घाटन गरिएको छ । मन्दिरको नेपाली कांग्रेस बागमती प्रदेशका सभापति तथा प्रदेश सांसद ईन्द्रबहादुर बानियाँले उद्घाटन गरेका हुन् ।

वि.सं. २०५० सालको बाढीले मन्दिर भत्किएको र कालिकाको मूर्ति पुरिएको थियो। सोही स्थानमा नयाँ मन्दिर निर्माण गरिएको गाउँपालिकाको वडा नम्बर ९ का वडाध्यक्ष भुवनसिंह घलानले जानकारी दिए । २५ लाख रूपैयाँमा निर्माण भएको मन्दिर निर्माणको लागि गाउँपालिकाले १० लाख र प्रदेश सरकारले १५ लाख रूपैयाँ उपलब्ध गराएको थियो ।

यस्तै मन्दिर संरक्षणका लागि प्रदेश सरकारले १० लाख, विभिन्न व्यक्ति र संस्थाबाट ५ लाख रूपैयाँ प्राप्त भएको पनि उनले जानकारी दिए । वडाध्यक्ष घलानका अनुसार मन्दिर संरक्षण योजना अन्तर्गत खोला नियन्त्रण, चौर सम्याउने, पर्यटकीय तीर्थस्थलको रूपमा विकास गर्न अझै करिब १० करोड रूपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । चालू आवमा प्रदेश सरकारकाबाट १४ लाख रूपैयाँ मन्दिर संरक्षणका लागि बजेट विनियोजन भएको पनि वडाध्यक्ष घलानले बताए । यो मन्दिरलाई परापूर्वकालदेखि नै आस्थाकी देबीको रूपमा मानिदै आएको छ । कुनैपनि ब्यक्तिले गरेको भाकल यो मन्दिरमा पूजाआजा गरेपछि भाकल पूरा हुने विश्वासका साथ मकवानपुरका विभिन्न पालिका सहित छिमेकी जिल्ला र भारतका सीमावर्ती सहरबाट समेत भक्तजन आउने गरेको वडाअध्यक्ष घलानले बताए ।

मन्दिरमा चण्डीपूर्णिमा र धान्यपूर्णिमामा विशेष पूजाआजा हुँदै आएको छ । परापूर्वकालमा यसस्थानमा १००८ ऋषिमुनिले तपस्या गरेको जनश्रुति समेत रहेको उनको भनाइ छ । स्यार्सेखोला, मनहरीखोला र खादेखोलाको त्रिबेणीमा रहेको मन्दिर मकवानपुरकै प्राचीन खुला शिलामध्ये एक हो । साबिक नामटार गाविसमा रहेको स्यार्सेकालिका मन्दिरमा परापूर्व कालदेखि पुजाआजा हुँदै आएको स्थानीयले बताएका छन् । स्यार्से कालिकादेवीसामु मागेको कुरा पूरा हुने जनविश्वाससहित पूजाआजा गर्न भक्तजन टाढाटाढाबाट आउने गरेका छन् । भाकल गरेकाहरू मन्दिरमा धान्यपूर्णिमाका दिन बिशेषरूपमा आउने गरेका छन् । धान्यपूर्णिमाको समयमा मन्दिरमा जान नभ्याउनेहरू चण्डीपूर्णिमा जाने गरेका छन् । २०५० साल अघि यो मन्दिर रहेको स्थानमा प्राकृतिक शीला थियो । त्रिभुवन राजपथको चुनियाँबाट करिव ६ किमि यात्रापछि स्यार्सेकालीका पुग्न सकिन्छ ।

**माटोको उर्वराशक्ति जोगाऔँ !**

- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- पराल, छ्वाली तथा पातपतिङ्गरलाई नजलाऔं
- कम्पोष्ट मल तथा हरियो मलको प्रयोग बढाऔं,
- भिरालो तथा भू-क्षय संवेदनशील क्षेत्रलाई खाली नराखौं, त्यस्ता जग्गामा कृषि बन
- प्रणाली अपनाऔं,
- रसायनिक मलको न्यून प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**डेंगी ज्वरो**
(DENGUE FEVER)

डेंगी ज्वरो संक्रमित लामखुट्टेबाट सर्ने कीटजन्य रोग हो । डेंगी 'एडीस' प्रजातिका लामखुटेको टोकाइबाट सर्छ, जसले प्राय: गरेर दिनमा टोक्दछन् । एडीस लामखुट्टेले पानी जम्ने स्थानहरूमा फुल पार्छ र यसरी लामखुट्टेको वृद्धि विकास हुन्छ ।

**लक्षणहरू:**




**डेंगी ज्वरोको उपचार**

- पानी तथा झोलिलो, पोषिलो खानेकुरा प्रशस्त मात्रामा खाने ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर अस्पिरिन र ऐबुप्रोफेन जस्ता दुखाई कम गर्ने औषधि नखाने ।
- पूर्ण आराम गर्ने ।
- डेंगी रोग भएका दीर्घ रोगी, वृद्धवृद्धा, बालबालिका, र गर्भवतीहरुलाई विशेष ध्यान दिनुपर्छ ।
- डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ ।



**बच्ने उपायहरू:**




थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी